नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.बु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक २६९ २०८० साल जेठ १८ गते बिहीबार (1 June 2023 Thursday) मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : नागरिकता विधेयक प्रमाणीकरण... ३ पृष्ठमा : सार्वजनिक खरिद अनुगमन ... ३ पृष्ठमा दश करोड सत्तरी लाख वर्ष...

# मुलुकमा गैरनागरिक बनेर बसिरहनु पर्ने अवस्थाको अन्त्य : उपेन्द्र यादव




**दैनिक समाचारदाता**
**राजबिराज, १७ जेठ ।**

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले नागरिकता विधेयक राष्ट्रपतिद्वारा भएको प्रमाणिकरणसँगै अब आफ्नै मुलुकमा गैरनागरिक बनेर बसिरहनु पर्ने अवस्थाको अन्त्य भएको बताएका छन् ।

राजबिराजमा नवनिर्मित नर्सिङ कलेज भवनको उद्घाटन कार्यक्रमलाई बुधबार सम्बोधन गर्दै अध्यक्ष यादवले यस्तो बताएका हुन् ।

उनले अब आफ्नै मुलुकमा नागरिकलाई नागरिकताका लागि लडिरहनु पर्ने अवस्था सदाका लागि अन्त्य हुने विश्वास व्यक्त गर्दै नागरिकता विधेयक प्रमाणीकरण गरेका राष्ट्रपति रामचन्द्र पौडेललाई धन्यवाद समेत दिए ।

प्रतिनिधिसभा सदस्य समेत रहेका अध्यक्ष यादवले मधेशमा देखिएका नागरिकता सम्बन्धि समस्या समाधानका निम्ति विगतमा सडकदेखि सदनसम्म लामो संघर्ष गर्दा पहिलो चरणमा २२ लाख र दोस्रो चरणमा ९ लाख नागरिकलाई नागरिकता दिलाउन सफल भएको स्मरण पनि गरे ।

यसअघि अघिल्लो कार्यकालमा सप्तरी निर्वाचन क्षेत्र नम्बर २ बाट निर्वाचित भएका अध्यक्ष यादवको संसदीय कोषको बजेटबाट निर्माण भएको नर्सिङ्ग भवनको उनले उद्घाटन गरेका थिए । कुल ६ करोड ९२ लाख रुपैयाँको लागतमा उक्त नर्सिङ कलेज भवनको निर्माण भएको हो ।

गजेन्द्र नारायण सिंह अस्पताल परिसरमा निर्माण भएको उक्त भवनमा आगामी वर्षदेखि नर्सिङ्गको कक्षा सञ्चालन गर्ने तयारी गरिएको बताइएको छ ।

# भन्सार छलेर ल्याइएका सामानहरु खरिद नगर्न उबासंघ सप्तरीका अध्यक्ष अग्रवालको आग्रह

**दैनिक समाचारदाता**
**राजबिराज, १७ जेठ ।**

उद्योग बाणिज्य संघ सप्तरीका अध्यक्ष लालबाबु अग्रवालले भन्सार छलेर ल्याइएका कुनै पनि मालसामानहरु खरिद नगर्न सप्तरीका ब्यापारीहरुलाई आग्रह गरेका छन् ।

बुधवार आफ्नै कार्यकक्षमा संचारकर्मीहरुसीत कुरा गर्दै उनले यस्तो आग्रह गरेका हुन् । सीमा पारी भारतीय बजारहरुबाट तस्करहरुले किराना, श्रृंगार, फलफुल, रेडिमेड कपडा लगायतका विभिन्न सरसमान भन्सार छलेर ल्याउने र त्यस्ता अवैध सामान केही सिमित व्यापारीले खरिद गर्ने गरेको जानकारी आएपछी अध्यक्ष अग्रवालको यस्तो आग्रह गरे ।

“सबै त्यस्ता छैनन, केही मात्र व्यापारीका कारण यस्तो भन्न बाध्य भएको हुँ” उनले भने, “सस्तोमा किन्न पाईने लोभमा तस्करहरुबाट ल्याइएका अवैध मालसमान खरिद गर्दा भन्सार शुल्क तिरेर ल्याइएको सरसमान



वेचविखन गर्ने व्यापारी मारमा परिरहेका छन् ।”

खुला सीमानाकाका कारण अवैध कारोवार मौलाउदै गएको भन्दै यसमा प्रहरी प्रशासनले कडाई र निगरानी नगर्दा यहाँको व्यापार व्यवसाय चौपट बन्दै गएको तथा भारतीय बजारमा नेपाली उपभोक्ताको भीड लाग्ने गरेको गुनासो समेत पोखे ।

उनले भने “सप्तरीको व्यापार व्यवसाय फस्टाउन र भन्सारको राजश्व बृद्धिका लागी समेत नाकाहरुमा प्रहरी सकृयता बढाउनु जरुरी छ ।” आर्थिक मन्दी, बैंकको बढ्दो ब्याजदर र करको बढ्दो दायरा लगायतका कारण पनि जिल्लाका उधोगी व्यवसायी मारमा परेको भन्दै सरकारले धराशायी बन्दै गएको व्यापार व्यवसाय क्षेत्रलाई उकास्न अविलम्ब उधोगी व्यवसायी मैत्री नीति ल्याउनु पर्ने माग समेत गरे ।

**मेनरोडमा कोठा भाडामा चाहिए सम्पर्क गरौं**

राजविराजको मुख्य बजार क्षेत्र मेनरोड राजविराज-४ स्थित कामना सेवा विकास बैंकको माथिल्लो तल्लामा कोठाहरु खाली रहेकाले बैंक, वित्तिय संस्था, सहकारी संस्था, विमा कम्पनी तथा व्यवसायीक प्रयोजनका लागी आवश्यक परे सम्पर्क गर्नु होला ।
**सम्पर्क नम्बर : ९८४२८२१०८२/९८१९७२५०८२**



राजविराजस्थित गजेन्द्र चौक तथा जनआन्दोलन चौकमा बुधबार साँझ नागरिकता विधेयक पारित भएको खुशीयालीमा लोसपा र जसपाका नेता तथा युवा, विद्यार्थी, महिलाद्वारा दिप प्रज्वलन गरेको दृश्य ।
*तस्बिर : राजविराज दैनिक*

# किशोर झुण्डिएको अवस्थामा फेला

**दैनिक समाचारदाता**
**राजबिराज, १७ जेठ ।**

सप्तरीको अग्निसाईर कृष्णसावरण गाउँपालिकामा एक किशोर झुण्डिएको अवस्थामा फेला परेका छन् ।

वडा नं. ३ मटिगढा निवासी १८ वर्षिय ललित कुमार चौधरीले आफ्नै घरको बासको बलोमा झुलले बेरेको डोरीको पासो लगाई झुण्डिएको अवस्था मृत फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यो सँगै जिल्लामा चालु आ.व.मा विभिन्न कारणले आत्महत्या गर्नेको संख्या ९६ पुगेको प्रहरी तथ्याङ्कमा उल्लेख छ ।

यसअघि दुई दिनअघि मात्रै जिल्लामा दुई महिलासहित तीन जनाले आत्महत्या गरेका थिए भने ५ जनाले आत्महत्याका प्रयास गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# पोखरीमा डुबेर बालकको ज्यान गयो

**दैनिक समाचारदाता**
**राजबिराज, १७ जेठ ।**

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकामा बुधबार एक बालकको पोखरीमा डुबेर ज्यान गएको छ ।

वडा नं. ४ चटि टोलस्थित रहेको सार्वजानिक पोखरीको डिलमा बस्दै आएका धर्मेन्द्र पासवानका ११ वर्षिय छोरा सुवास पासवानको डुबेर ज्यान गएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार खेल्ने क्रममा लडेर पोखरीमा डुबेपछि मृत्यु भएको हो ।

# विपदबाट हुने जोखिम न्यूनिकरणका लागि उद्धार अभ्यास



**दैनिक समाचारदाता**
**राजबिराज, १७ जेठ ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिकामा विपद व्यवस्थापनमार्फत जोखिम न्यूनिकरण गरी धनजनको क्षतिबाट बचाउन उद्धार अभ्यास सम्पन्न गरिएको छ ।

सशस्त्र प्रहरी र नगरपालिकाबीच समन्वय, संवाद र उद्धारमा कुनै पनि प्रकारको दुविधा नहोस् भन्ने उद्देश्यका साथ बुधबार वडा नं. ५ मा रहेको पोखरीको डिलमा तथा पानीमा अभ्यास गरिएको हो ।

डाक्नेश्वरी नगरपालिकाको आयोजनामा आयोजित उद्धार अभ्यासमा सशस्त्र प्रहरीको उद्धार टोलीले आगलागी, भुकम्प, बाढी पहिरोबाट हुने जनचेतना अभ्यास गरेको थियो । टोलीले परिमार्जित उद्धार तरिकाको प्रयोग र प्रदर्शन, स्वीफ्ट वाटर रेस्क्यु, राफ्ट उद्धार, रबर बोटको फ्लिप रिफ्लिप प्रदर्शन, डोरीबाट उद्धार, बाढीबाट प्रभावित समुदायका पीडितको उद्धार कार्यको प्रदर्शन तथा अभ्यास समेत गरिएको थियो ।

कार्यक्रम पश्चात् नगरपालिका प्रमुख रामलखन मलाहले सिमित श्रोत र साधनका वावजुद सशस्त्र प्रहरीले उद्धार कार्यमा उच्च निपुर्णता देखाएको र विपद व्यवस्थापनको लागि चाहिने आवश्यक सहयोग गर्न नगरपालिका तत्पर रहेको बताए ।

सशस्त्र प्रहरी नायब उपरीक्षक बालकृष्ण श्रेष्ठले आगलागी, भुकम्प, डुबान, कटान र नदीमा डुबेको व्यक्तिलाई आफुसँग उपलब्ध साधन श्रोत र उद्धार सामग्रीको प्रयोग गरेर नजिकको सुविधा सम्पन्न अस्पतालसम्म पुर्याउने जस्ता अभ्यास गरिएको जानकारी दिए ।

अभ्यास कार्यक्रममा संविधानसभा सदस्य ताराकान्त चौधरी, डक्नेश्वरी नगरपालिका प्रमुख प्रशासकीय अधिकृत बिनय कुमार सोनु, सशस्त्र प्रहरी तथा नगरपालिकाका अधिकारीहरु लगायत संचारकर्मीहरु र स्थानीयवासीहरुले अभ्यासको अवलोकन गरेका थिए ।

# विश्व बैंकद्वारा नेपाललाई ऋण र अनुदान सहयोग

काठमाडौँ, १७ जेठ (रासस)।

नेपाल सरकार र विश्व बैंकबीच रू १५ अर्ब ८४ करोड (अमेरिकी डलर १२ करोड) बराबर सहुलियतपूर्ण ऋण र रू दुई अर्ब ६० करोड (अमेरिकी डलर एक करोड ९७ लाख) बराबर अनुदान प्राप्ति सम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ।

बुधबार अर्थ मन्त्रालयमा आयोजित एक कार्यक्रमबीच अर्थसचिव अर्जुनप्रसाद पोखरेल र विश्व बैंकका लागि माल्दिभ्स, नेपाल र श्रीलङ्काका देशीय निर्देशक फारिस हदाद जर्भोसले उक्त सम्झौतामा हस्ताक्षर गर्नुभएको हो।

विश्व बैंकअन्तर्गतको इन्टरनेसनल डेभलपमेन्ट एसोसिएसन (आइडिए) ले 'ग्लोबल पार्टनरशिप फर एजुकेसन' कार्यक्रममार्फत नेपालका सरकारी विद्यालयको पाठ्यक्रम विकास, पूर्वाधार निर्माण र सिकाइ गुणस्तर सुधारका लागि यस्तो ऋण र अनुदान दिएको हो। नेपालमा लागू भइरहेको विद्यालय क्षेत्र सुधार कार्यरक्रम (स्कुल सेक्टर ट्रान्सफरमेसन प्रोग्राम) मार्फत यो रकम खर्च हुनेछ।

प्रारम्भिक तहका कक्षामा राष्ट्रिय रूपमा एकीकृत पाठ्यक्रम निर्माणका लागि यस्तो रकम खर्च हुनेछ। त्यस्तै, कोभिड-१९ महामारी र विभिन्न प्राकृतिक विपद्का कारण असर परेको शिक्षण सिकाइलाई पुनरुत्थान गर्ने, सहज र सिकाइमैत्री कक्षाकोठा तथा पाठ्यक्रम निर्माण, शौचालय, सिकाइमा डिजिटल प्रविधिको प्रयोगलगायत क्षेत्रमा उक्त  रकम खर्च हुने जनाइएको छ।

कार्यक्रममा अर्थसचिव पोखरेल यस कार्यक्रमको सफल कार्यान्वयनबाट विद्यालय शिक्षामा विद्यार्थीको पहुँच बढ्ने र सिकाइमा गुणस्तर कायम हुने अपेक्षा गरिएको बताउनुभयो। "मानव पुँजी विकासका लागि शिक्षामा सबैको पहुँच र गुणस्तरीय शिक्षाका लागि यस कार्यक्रमले प्रभावकारी भूमिका खेल्नेछ", उहाँले भन्नुभयो।

त्यस्तै, विश्व बैंकका लागि माल्दिभ्स, नेपाल र श्रीलङ्काका देशीय निर्देशक फारिस हदाद जर्भोसले विद्यालय क्षेत्र सुधार कार्यक्रमले हरित, उत्थानशील र समावेशी विकास (ग्रिड) अवधारणा कार्यान्वयनमा बल पुग्ने बताउनुभयो। "पहुँचयोग्य र गुणस्तरीय शिक्षाका लागि गरिने लगानीले नेपालले अपनाएको ग्रिड अवधारणा कार्यान्वयनमा पनि सघाउ पुऱ्याउनेछ भन्ने अपेक्षा छ", उहाँले भन्नुभयो।

# नागरिकता विधेयक प्रमाणीकरण स्वागतयोग्य : संघर्ष समिति

जनकपुरधाम, जेठ १७ (रासस)।

नागरिकताविहीन सङ्घर्ष समिति, नेपालले नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक २०७९ राष्ट्रपतिबाट प्रमाणीकरण भएकामा खुसी व्यक्त गर्दै छिट्टै कार्यान्वयनहुनेमा विश्वास व्यक्त गरेको छ।

सङ्घर्ष समितिका अध्यक्ष इ इन्द्रजित सफिले विगत १६/१७ वर्षदेखि लाखौँ नागरिकताविहीनको अथक सङ्घर्षको प्रतिफलस्वरुप बुधबार राष्ट्रपतिबाट विधेयक प्रमाणीकरण भएको भन्दै सरकार, राष्ट्रपति र सहयोग गर्ने सबैलाई धन्यवादसमेत दिनुभयो।

"डेढ दशकयता देशका करिब १४ लाख युवा नागरिकता नहुँदा सम्पूर्ण अधिकारबाट वञ्चित हुनुपरेको थियो। त्यसको भुक्तभोगी म आफैँ पनि हो। पच्चीस जिल्लाका १० हजारभन्दा बढी नागरिकताविहीन अधिकारका लागि आन्दोलन गरिरहेका थियौँ", सफिले राससससँग भन्नुभयो। उहाँले हजारौ साथीहरूको ऐक्यबद्धता, सङ्घर्ष र दबाब तथा लाखौँ शुभचिन्तकको सद्भावका कारण उद्देश्य पूरा भएको बताउनुभयो। "यो क्षणमा खुसी व्यक्त गर्ने कुनै शब्द छैन। म सरकार र राष्ट्रपतिलाई धन्यवाद र अरुप्रति आभार व्यक्त गर्दछु", उहाँले भन्नुभयो।

धनुषाको गणेशमान चारनाथ नगरपालिका-३ भरतपुरका २९ वर्षीय इन्द्रजित आफ्नो बुबासँग जन्मसिद्ध र आमासँग वंशजको नागरिकता भए पनि नागरिकताविहीन हुनुहुन्छ।

"आमा र बुबा नेपालको नागरिक हुँदा पनि करिब १४ लाख सन्तान नागरिकताविहीन छन्। नागरिकताबिना केही गर्न नसकिने रहेछ, पढ्न, जागिर खान, विदेश जान र अरू सरकारी सुविधा लिनबाट वञ्चित हुनुपर्ने मात्रै होइन ती लाखौँ युवाको ऊर्जा त्यतिकै खेर गइरहेको अवस्था छ। अब त्यो अवस्था अन्त्य हुने हामीले अपेक्षा गरेका छौँ", सफिले भन्नुभयो।

नागरिकताविहीन युवा अनुराज झाले राष्ट्रपतिबाट विधेयक प्रमाणीकरण भएपछि वर्षौंदेखिको सपना साकार हुन लागेको भन्दै खुसी व्यक्त गर्नुभयो। "हामी चार पुस्तादेखि नेपालमै छौँ। मेरो बुबाले जन्मसिद्ध नागरिकता र आमाले वंशजको नागरिकता लिनुभएको छ। आमाको नामबाट नागरिकता बन्दैन, बुबा जन्मसिद्ध नागरिक भएकाले सरकारले नागरिकता दिन मिल्दैन भन्छ", झाले भन्नुभयो, "वर्षौंदेखि थन्किएर रहेको नागरिकता विधेयक प्रमाणीकरण भएपछि अब भने चाँडै नागरिकता पाउने आशा जागेको छ। प्रशासनले तत्काल प्रक्रिया अगाडि बढाउनेमा हामी आशावादी छौँ।"

विसं २०४६ अघि जन्मेका अधिकांश नेपाली नागरिकलाई २०६३ सालमा जन्मका आधारमा नागरिकता दिइए पनि तिनका सन्तानले भने नेपालको संविधानअनुसार ऐन नबन्दा अझै नागरिकता पाउन सकेका छैनन्।

विसं २०७२ मा जारी भएको नेपालको संविधानको धारा ११ (३) ले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेका सन्तानले बालिग भएपछि वंशजको नागरिकता पाउने भनी स्पष्ट व्यवस्था गरे पनि राजनीतिक सहमति नहुँदा वर्षौंदेखि ऐन बन्न सकेको थिएन। त्यसविरुद्ध नागरिकताविहीनले सुरुदेखि नै आवाज उठाइरहे पनि विसं २०७८ मा नागरिकताविहीन सङ्घर्ष समिति नेपाल गठन गरेर सङ्गठित आन्दोलन भइरहेको छ।

"नागरिकता छैन। सक्षम भएर पनि केही गर्न पाउँदैनौँ। संविधानअनुसार नागरिकता ऐन अद्यावधिक नगरी लाखौँ नागरिकको जिन्दगीसँग खेलबाड भएको छ। त्यसैका विरुद्ध हामीले राजनीतिक दलका प्रमुख नेतादेखि सरकारका मन्त्री, प्रधानमन्त्री, बहालवाला र पूर्वराष्ट्रपतिलाई पनि ध्यानाकर्षण गराइरहेका थियौँ", सङ्घर्ष समितिका अध्यक्ष साफीले भन्नुभयो, "वर्षौंदेखि राज्यविहीन हुनुको हाम्रो पीडा आज सरकार र राष्ट्रपतिले सुन्नुभएको छ। अब अक्षरशः कार्यान्वयनको पखाईमा छौ।"

राष्ट्रपति रामचन्द्र पौडेलले बुधबार मात्रै नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक २०७९ प्रमाणीकरण गर्नुभएको थियो। सो विधेयक यसअघि विसं २०७९ साउन १५ गरे सङ्घीय संसद्का दुवै सदनबाट पारित भई तत्कालीन सभामुख अग्निप्रसाद सापकोटाले सोही मितिमा प्रमाणित गरी तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष प्रमाणीकरणका लागि पेश गर्नुभएको थियो।

तत्कालीन राष्ट्रपति भण्डारीले भने केही विषयमा ध्यानाकर्षणसहित पुनर्विचारका लागि सङ्घीय संसद्मा फिर्ता पठाइएकोमा सङ्घीय संसद्का दुवै सदनमा छलफल गरी प्रमाणीकरणका लागि पुनः २०७९ भदौ २० गते राष्ट्रपतिसमक्ष पठाइए पनि हालसम्म प्रमाणीकरण भएको थिएन। सोही विधेयक प्रमाणीकरणका लागि भनी नेपाल सरकार, मन्त्रिपरिषद् बैठकले विसं २०८० जेठ १२ गते वर्तमान राष्ट्रपति पौडेललाई औपचारिकरूपमा आग्रह गरेको थियो।

# 'नागरिकता विधेयक प्रमाणीकरणले संसद्को सर्वोच्चता कायम भयो'

जनकपुरधाम, १७ जेठ (रासस)।

राष्ट्रपति रामचन्द्र पौडेलद्वारा नागरिकता विधेयक प्रमाणीकरण भएपछि सबैभन्दा बढी लाभान्वित हुने मधेस प्रदेशका शीर्ष नेताले संसदीय लोकतन्त्रको मान्यता र संविधानअनुसार संसद्को सर्वोच्चता कायम भएको प्रतिक्रिया दिनुभएको छ।

नेपाली कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिले विधेयक प्रमाणीकरणको स्वागत गर्दै बुबा र आमा दुवै जना नेपाली नागरिक भएर पनि सन्तानले वर्षौंदेखि नागरिकता नपाएको समस्या समाधान भएको बताउनुभयो। उहाँले संसद्ले बनाएको कानुन प्रमाणीकरण नहुँदा अड्किरहेको अवस्थामा राष्ट्रपतिले प्रमाणीकरण गरेर ऐतिहासिक काम र संसदीय सर्वोच्चताको रक्षा गरेको बताउनुभयो।

"संसद्बाट दुई/दुई पटक पारित भएको विधेयक प्रमाणीकरण गर्नैपर्ने काम थियो तर अहिलेसम्म अड्काएर राखियो। राष्ट्रपतिले मन्त्रिपरिषद्को निर्णयअनुसार संविधानसम्मत काम गर्नुभएको छ। यो खुसीको विषय हो। हामी खुसियाली बनाउँछौँ", उहाँले राससससँग भन्नुभयो।

त्यसैगरी जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवले कुनै पनि नागरिक नागरिकताविहीन हुनुहुँदैन भन्ने संविधानको भावना र प्रावधानलाई राष्ट्रपतिले रक्षा गरेको प्रतिक्रिया दिनुभयो। उहाँले नागरिकताविहीन जनता र आफ्नो पार्टीले वर्षौंदेखि उठाइरहेको आवाज सम्बोधन गरेकामा राष्ट्रपतिलाई विशेष धन्यवाद दिनुभयो।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) अध्यक्ष महन्थ ठाकुरले संविधानले दिएको अधिकार कानुनको अभावमा वर्षौंदेखि कुण्ठित रहेकामा राष्ट्रपतिले त्यसको सुनुवाइ गरेको बताउनुभयो।

"संविधानले नागरिकता दिने भने पनि कानुनको अभावमा वर्षौंदेखि लाखौँ नागरिकले नागरिकता पाउन सकेनन्। जसका कारण नागरिकताविहीनहरूले अध्ययन, रोजगार, उद्यमशीलता, सम्पत्ति आर्जनलगायत हरेक क्षेत्रमा अवरोध सामना गर्नुपऱ्यो", ठाकुरले भन्नुभयो, "हाम्रो पार्टीले पनि नागरिकता समस्या समाधानका लागि विगतदेखि नै दबाब दिँदै आएको थियो। ठिलो गरी भए पनि यो प्रमाणीकरण भएको छ। यसलाई राजनीतिक विषय नबनाएर सबैले स्वागत गर्नुपर्छ।"

राष्ट्रपति रामचन्द्र पौडेलले बुधबार मात्रै नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक २०७९ प्रमाणीकरण गर्नुभएको थियो।

# राष्ट्रपतिबाट नागरिकता विधेयक प्रमाणीकरण

काठमाडौँ, १७ जेठ (रासस)।

राष्ट्रपति रामचन्द्र पौडेलले नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरण गर्नुभएको छ।

राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा ६१ को उपधारा (२) (३) (४) र धारा ६६ एवं सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेत बमोजिम विधेयक प्रमाणीकरण गर्नुभएको प्रवक्ता शैलजा रेग्मी भट्टराईद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

हालसम्म उक्त विधेयक ऐन बन्नका लागि प्रमाणीकरण नभएकाले विभिन्न अवस्था र स्थितिसमेत उल्लेख गरी सोही विधेयक प्रमाणीकरणका लागि भनी नेपाल सरकार,

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# सार्वजनिक खरिद अनुगमन कार्यालयद्वारा तेइस कम्पनी कालोसूचीमा

काठमाडौँ, १७ जेठ (रासस) ।
सार्वजनिक खरिद अनुगमन कार्यालय ताहाचलले २३ निर्माण व्यवसायी एवम् आपूर्तिकर्तालाई कालोसूचीमा राखेको छ । कार्यालयले बुधबार एक सूचना प्रकाशित गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) बमोजिम २३ निर्माण व्यवसायी/आपूर्तिकर्तालाई कालोसूचीमा राखेको जनाएको छ ।

कार्यालयद्वारा प्रकाशित सूचनाअनुसार कालोसूचीमा परेकाहरूमा कलेज अफ इम्प्लोइमेन्ट प्रालि भरतपुर चितवन, पप्पु कन्स्ट्रक्सन, कोशी एन्ड न्यौपाने निर्माण सेवा नयाँ वानेश्वर काठमाडौँ, वाइपी कन्स्ट्रक्सन पुल्चोक ललितपुर, सप्तकोशी जलाधार कम्पनी प्रालि काठमाडौँ, ओम साई एन्ड कम्पनी प्रालि काठमाडौँ, आकृति एड्भर्टाइजिङ पोखरिया विराटनगर, थाक ठिनी इन्जिनियरिङ एन्ड कन्स्ट्रक्सन भरतपुर-११ चितवन, एसियन हाइटेक कन्स्ट्रक्सन हातीगौँडा-४ मोरङ रहेका छन् ।

यसैगरी, चन्दन एन्ड हरिओम कन्स्ट्रक्सन फोटा-२ बारा, फैसल एन्ड अफजल कन्स्ट्रक्सन गौर रौतहट, गौतम ऋषि कन्स्ट्रक्सन कटरिया-५ रौतहट, गिताञ्जली निर्माण सेवा जनकपुर-१२ धनुषा, सिंह कन्स्ट्रक्सन जनकपुर-१२ धनुषा, खुसी निर्माण सेवा जनकपुर-१२ धनुषा, कमोद कन्स्ट्रक्सन रौतहट, रुबी कन्स्ट्रक्सन मलङगवा-१ सर्लाही, एचडी इन्टरप्राइजेज विराटनगर-३ मोरङ, हिरालाल कन्स्ट्रक्सन विरगञ्ज-१४ पर्सा, जय माँ वैष्णोदेवी कन्स्ट्रक्सन नवलपरासी, शिरिस कन्ट्रक्सन मध्यपुर ठिमी-६ भक्तपुर, सुभप्रभात-शुभ अविप जेभी कोहलपुर, सर्जिकेम डिस्ट्रिब्युटर्स धरान, टोनिका कन्स्ट्रक्सन विराटनगर, त्रिजोन कन्स्ट्रक्सन एन्ड सप्लायर्स काठमाडौँ तथा युमन निर्माण सेवा बर्दघाट नवलपरासी रहेका छन् ।

सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचलले अधिकांश निर्माण व्यवसायी/आपूर्तिकर्तालाई एकदेखि तीन वर्षसम्म कालोसूचीमा राखेको छ । जसअनुसार मोहोन न्यौपाने मुख्य व्यक्ति रहेको कलेज अफ इम्प्लोइमेन्ट प्रालि चितवनलाई उद्योग मन्त्रालय अन्तर्गतको ग्रामीण उद्यम तथा विप्रेषण आयोजना इटहरीको सिफारिसमा तीन वर्षसम्म कालोसूचीमा राखिएको कार्यालयमा प्रकाशित उक्त सूचनामा उल्लेख गरिएको छ ।

यसैगरी सुमित रौनियार नेतृत्वको पप्पु कन्स्ट्रक्सन प्रालि र भावेश बोहोरा नेतृत्वको कोशी एन्ड न्यौपाने निर्माण सेवा प्रालि दुई वर्षसम्म कालोसूचीमा राखिएको छ भने पप्पु र कोशी एन्ड न्यौपाने जेभीलाई सङ्घीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय पोखरा र सहिद मार्ग सडक आयोजना लिवाङ रोल्पाले कालोसूचीमा राख्न सिफारिस गरेका थिए ।

यसैगरी, पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय र पुष्पलाल राजमार्ग आयोजना कार्यालय दैलेखको सिफारिसमा सुरेन्द्रप्रसाद श्रेष्ठ नेतृत्वको वाइपी कन्स्ट्रक्सन प्रालि ललितपुरलाई एक वर्ष ६ महिनासम्म कालोसूचीमा राखिएको जनाइएको छ । कालोसूचीमा परेका कम्पनीहरूले कालोसूचीमा राखिएको अवधिभर कुनै पनि सार्वजनिक निकायको खरिद कारबाहीमा भाग लिन नपाउने सार्वजनिक खरिद अनुगमन कार्यालयद्वारा प्रकाशित सूचनामा जनाइएको छ ।

# नागरिकता विधेयकप्रति एमालेको आलोचना

काठमाडौँ, १७ जेठ (रासस) ।
प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले)ले निष्क्रिय अवस्थामा रहेको नागरिकतासम्बन्धी विधेयक संसदीय विधि र प्रक्रिया उल्लङ्घन गरी जारी गरिएको भनी आलोचना गरेको छ ।

एमाले संसदीय दलका उपनेता सुवास नेम्वाङले मन्त्रिपरिषद्को निर्णय र सिफारिसबाट अचानक विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भएको भन्ने घटनाले पार्टीलाई स्तब्ध तुल्याएको प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, "कानुन आवश्यकता थियो, निष्कर्षमा पुऱ्याउन ढिलाइ भएकै हो, जारी गर्ने विधि र प्रक्रिया भने मिलेन ।"

राष्ट्रपति रामचन्द्र पौडेलले नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक बुधबारै प्रमाणीकरण गर्नुभएको हो ।

"राष्ट्रपति कार्यालयमा निष्क्रियरूपमा थन्किएको विधेयक मन्त्रिपरिषद्ले निर्णय गर्नासाथ सक्रिय हुन्छ ?" प्रश्न गर्दै उपनेता नेम्वाङले भन्नुभयो, "विधेयकमा समेटिएर आएका कतिपय विषयप्रति पार्टी गम्भीर छ ।"

गत २०७९ साउन १५ गते प्रस्तुत नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ सङ्घीय संसद्को दुवै सदनबाट पारित भएको थियो । विधेयकलाई अलि समय लिएर विचार पुऱ्याएर टुङ्गोमा पुऱ्याउन पर्ने मत रहेको बताउँदै उहाँले भन्नुभयो, "यो गर्नुपर्ने काम थियो, तर संविधान, कानुन र संसदीय मूल्य मान्यताले नचिनेको बाटोबाट आयो ।"

उहाँले संविधानले जुन सदनमा त्यो उत्पत्ति भएको हो त्यही सदनको प्रमुखले प्रमाणित गरी राष्ट्रपतिसमक्ष प्रमाणीकरणका लागि पेस गर्नुपर्छ भनिएकामा त्यो प्रक्रियालाई बेवास्ता गरिएको आरोप पनि लगाउनुभयो । पार्टीकै पहलमा गैर नेपाली आवासीयलाई नागरिकता प्रदान गर्ने निर्णय गरेको स्मरण गराउँदै पूर्वसभामुख नेम्वाङले त्यसलाई समेत समेटेर विधेयक समयमै बन्नु आवश्यक रहेको बताउनुभयो ।

### राष्ट्रपतिबाट...

मन्त्रिपरिषद् बैठकको यही जेठ १२ गतेको निर्णयले उक्त विधेयक प्रमाणीकरण गर्न मन्त्रिपरिषद्को कार्यालयको पत्रबाट लेखी आएको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

गत २०७९ साउन १५ गते प्रस्तुत नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ सङ्घीय संसद्को दुवै सदनबाट पारित भएको थियो ।

प्रतिनिधिसभाका तत्कालीन सभामुखबाट साउन १५ गते प्रमाणित गरी तत्कालीन राष्ट्रपतिसमक्ष प्रमाणीकरणका लागि पेश भएको थियो । केही विषयमा ध्यानाकर्षणसहित पुनर्विचारका लागि सङ्घीय संसद्मा फिर्ता पठाइएकोमा ध्यानाकर्षण गराइएका विषयमा संघीय संसद्का दुवै सदनमा छलफल गरी प्रमाणीकरणका लागि पुनः भदौ २० गते राष्ट्रपतिसमक्ष पठाइएको थियो ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
सुरुङ्गा नगरपालिका, सप्तरी


## विश्व समाचार

### दश करोड सत्तरी लाख वर्ष पुराना हड्डी भेटिए

सिड्नी, १७ जेठ (रासस/सिन्ह्वा) ।
अष्ट्रेलियामा दश करोड सत्तरी लाख वर्ष पुरानो जीवाश्म हड्डी भेटिएको छ । सन् १९८० को दशकमा भिक्टोरिया राज्यमा भेटिएका दुई वटा जीवाश्म हड्डीको परीक्षण गरेका वैज्ञानिकहरूले आफ्नो अनुसन्धानको निष्कर्ष सुनाउँदै उक्त जानकारी दिएका हुन् । असीको दशकमा भेटिएका ती जीवाश्म हड्डी आकाशमा उड्ने विशाल सरीसृपको भएको र तिनको उत्पत्ति दश करोड सत्तरी लाख वर्षअघि भएको बताएका छन् । हिस्टोरिकल बायोलोजी जर्नलमा मङ्गलगलबार प्रकाशित एक अध्ययनअनुसार कर्टिन युनिभर्सिटी अस्ट्रेलियन एज अफ डाइनोसर म्युजियम अफ नेचुरल हिस्ट्री, मोनाश युनिभर्सिटी र म्युजियम्स भिक्टोरिया रिसर्च इन्स्टिच्युटका अन्वेषकहरूले भिक्टोरियमा भेटिएका जीवाश्म टेरोसरको भएको पुष्टि गरेका छन् । "यी हड्डीहरूको विश्लेषण गरेर, हामी लगभग दश करोड सत्तरी लाख वर्ष पपहिले भिक्टोरियाको जङ्गलमा बसोबास गर्ने टेरोसरको अस्तित्वको पुष्टि गर्न सक्षम भएका छौं," पेन्टल्याण्डले जर्नलमा उल्लेख गरेका छन् ।

### फिलिपिन्समा रेडियो पत्रकारको हत्या

मनिला, १७ जेठ (रासस/एएफपी) ।
फिलिपिन्समा एक जना रेडियो पत्रकारको गोली हानेर हत्या भएको छ । पचास वर्षीय क्रेसेन्सियानो बुन्डुक्विनको बुधबार हत्या भएको हो । मध्यफिलिपिन्सको ओरिएन्टल मिन्डोरो प्रान्तको कालापान शहरमा मोटरसाइकल सवार बन्दुकधारीले ५० बुन्डुक्विनलाई उनको घरबाहिर गोली हानेर हत्या गरेका प्रहरी कर्नेल सामुएल डेलोरिनोले एएफपीलाई बताएका छन् । बुधबार एक रेडियो प्रसारकलाई उनको घरबाहिर गोली हानेर हत्या गरिएको प्रहरीले आक्रमणको प्रतिकार गर्दै पत्रकार बन्डुक्विनका छोराले बन्दुकधारीहरूलाई आफ्नो गाडीले ठक्कर दिएपछि आक्रमणकारीमध्ये एक जनाको मृत्यु भएको छ । बाँकी आक्रमणकारी भने भाग्न सफल भएका छन् । उनीहरूको खोजी जारी रहेको कर्नेल डेलोरिनोले बताएका छन् । गत जुनमा राष्ट्रपति फर्डिनान्ड मार्कोसले कार्यभार सम्हालेपछि मारिने बुन्डुक्विन तेस्रो पत्रकार हुन् । केही महिनाअघि रेडियो प्रसारक पर्सिभल माबासालाई मनिलास्थित उनको स्टुडियोतर्फ गइरहेका बेला गोली हानी मारिएको थियो ।

### उत्तरकोरियाको जासुसी उपग्रह प्रक्षेपण असफल

सोल, १७ जेठ (रासस/सिन्ह्वा) ।
प्रजातान्त्रिक जन गणतन्त्र कोरिया (डिपीआरके) को जासुसी उपग्रह प्रक्षेपण असफल भएको छ । पश्चिमी जलक्षेत्रमा खसेर दुर्घटनाग्रस्त भएको सरकारी समाचार समितिले कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसीएनए)ले जनाएको छ । उत्तर कोरियाको नेशनल एरोस्पेस डेभलपमेन्ट एडमिनिस्ट्रेशन (एनएडीए) ले बुधबारको दुर्घटनाबाट पाठसिक्दै चाँडोभन्दा चाँडो अर्को उपग्रह प्रक्षेपण गर्ने बताएको छ । रकेट इन्जिन प्रणाली र इन्धनका कारण दुर्घटना भएको प्रारम्भिक विवरणमा उल्लेख गरेको छ । एरोस्पेस एजेन्सीले स्याटेलाइट प्रक्षेपणमा देखा परेका गम्भीर त्रुटिहरूको विस्तृत अध्ययन गर्ने, तिनलाई हटाउन तत्काल वैज्ञानिक र प्राविधिक उपायहरू गर्ने र विभिन्न भागको परीक्षण गरी जतिसक्दो चाँडो दोस्रो प्रक्षेपण गर्ने बताएको छ । यसैबीच, फ्रान्सेली समाचार समिति एएफपीका अनुसार उत्तरकोरियाले अमेरिकी सैन्य गतिविधिलाई सूक्ष्म ढङ्गले निगरानी गर्न यही जेठ २८ भित्रमा आफ्नो जासुसी उपग्रह प्रक्षेपण गर्ने योजना सार्वजनिक गरेको थियो । प्योङ्याङको बुधबारको असफल प्रक्षेपणले दक्षिण कोरियाको राजधानी सोलमा हल्लीखल्ली मच्चियोभने जापानमा दक्षिणमा ओकिनावाका बासिन्दालाई सतर्क रहन सुरक्षा चेतावनी जारी गरिएको थियो ।

सोलमा अराजकता र अन्योल छायो जब मानिसहरू हवाई आक्रमणको साइरनको आवाजबाट ब्यूँझिए र उनीहरूलाई भाग्न तयारीमा जुटे । आपतकालीन सन्देश प्रवाह भएको २० मिनेट पछि मात्र त्यो त्रुटिवश प्रवाह भएको वास्तविकता बाहिर आयो । बुधबारको अफवाहले सुरक्षा सतर्कता प्रणालीप्रतिको विश्वासमा गुमेको ३३ वर्षीया एक गृहिणीले बताएकी छन् । "उत्तरकोरियाले दक्षिणकोरियामा सुरक्षा जोखिम बढाएको छ, यदि भविष्यमा सतर्कता चेतावनी जारी हुँदा त्यसलाई गम्भीरतापूर्वक लिइन्छ वा लिइदैन भन्ने प्रश्न खडा भएको छ,"उनले भनिन् । यता प्रजातान्त्रिक जन गणतन्त्र कोरिया (डिपीआरके) ले बुधबार गरेको जासुसी उपग्रह प्रक्षेपणको जापान, दक्षिण कोरिया र अमेरिकाले निन्दा गरेका छन् । जापानले उत्तर कोरियाको उपग्रह प्रक्षेपणको असफल प्रयासबाट संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्का प्रस्तावहरूको गम्भीर उल्लङ्घन भएको उल्लेख गर्दै त्यसको निन्दा गरेको छ । "उत्तर कोरियाको उक्त कदमको जापान विरोध र निन्दा गर्दछ," जापान सरकारका प्रवक्ता हिरोकाजु मात्सुनोले भनेका छन् । उत्तरकोरियाली अधिकारीहरूका अनुसार प्योङ्याङले टोकियोलाई प्रक्षेपणका सम्बन्धमा जानकारी दिएको थियो । संयुक्त राज्य अमेरिकाले प्रक्षेपणको निन्दा गर्दै प्योङयाङलाई तत्काल उत्तेजक कार्य बन्द गर्न आह्वान गरेको छ । राष्ट्रिय सुरक्षा प्रवक्ता एडम होजले प्योङ्याङ र वासिङ्टनबीचको कूटनीति संवाद बन्द नभएको उल्लेख गर्दै उनले आफू र आफ्ना सहयोगीलाई बचाउन अमेरिकाले सबै आवश्यक उपाय अवलम्बन गर्ने बताएका छन् । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरसले पनि कदमको निन्दा गर्दै प्योङ्याङको पछिल्लो प्रक्षेपणको निन्दा गर्नुभएको छ ।

# शिविरमा आँखा जचाएका मध्येबाट ७० जनामा मोतियाविन्दुको समस्या



**दैनिक समाचारदाता**
**राजबिराज, १७ जेठ ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिकामा बुधबार आयोजित निशुल्क एक दिने आँखा तथा कान जाँच उपचार शिविरमा जचाउन आएका आँखाका २ सय २५ विरामी मध्ये ७० जनामा मोतिया विन्दु रोगको समस्या देखिएको छ ।

धर्मीहल्फा महिला विकास क्लब सप्तरीको आयोजना, सिविएम नामक संस्थाको समन्वय तथा नेपाल नेत्र ज्योति संघ, सगरमाथा चौधरी आँखा अस्पताल लहानको प्राविधीक सहयोगमा आयोजना गरिएको निशुल्क आँखा तथा कान जाँच उपचार शिविरमा जचाउन आएका आँखाका २ सय २५ विरामी मध्ये ७० जनामा मोतिया विन्दुको समस्या देखिएको हो । शिविरको पूर्व प्रमुख निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादवले उदघाटन गरे ।

शिविरमा परिक्षणको क्रममा मोतिया विन्दु पुष्टी भएका ७० जनालाई लहानस्थित चौधरी आँखा अस्पालमा लगी निशुल्क उपचार र शल्यक्रिया गरिने तयारी गरिएको आयोजक संस्थाका अध्यक्ष इन्जिनीयर सुर्य नारायण यादवले जानकारी दिएका छन् ।

यस अघि जिल्लाको विभिन्न पालिकामा एक दिने निशुल्क आँखा स्वास्थ्य उपचार शिवीर चलाइएकोमा पहिलो पटक यति ठूलो संख्यामा मोतिया विन्दुका विरामी फेला परेको शिवीरमा चिकित्सक टोलीको नेतृत्व गरेका चौधरी आँखा अस्पतालमा नेत्र रोग विशेषज्ञ डा.राजकुमार यादवले बताए ।

शिविरमा उनका साथै रेणु बमजम, संजय कुमार कर्ण, विरेन्द्र कुमार साह, रेणु यादव, निक्की यादव, हिरालाल दास, अजय तामाङ्ग लगायत आठ सदस्यीय स्वास्थ्यकर्मीको टोलीले स्वास्थ्य सेवा प्रदान गरेका छन् ।

यस्तै शिविरमा कानका १ सय २ जना विरामीले समेत उपचार पाएका छन् । शिविरमा महिला सेवाग्राहीलाई लक्षित गरी महिला स्वास्थ्यकर्मीको व्यवस्था समेत मिलाइएकाले उपचारमा आएका मध्ये महिला विरामीको संख्या बढी देखिएको शिविरस्थल छिन्नमस्ता-भुपेन्द्र संस्कृत माविका प्रधानाध्यापक रामेश्वर यादवले बताए ।

समाजिक क्षेत्रमा क्रियाशिल धर्मीहल्फा महिला विकास क्लबले यस अघि पनि जिल्लाको विभिन्न पालिकामा निशुल्क आँखा शिविर संचालन गरिसकेको छ ।

सोही शिविरमा समाजिक गतिवीधीमा अग्रसर धर्मीहल्फा महिला विकास क्लबले पत्रकारीताको माध्यमले समाजमा विशिष्ट योगदान पुऱ्याए वापत पत्रकार मनोज कुमार माझी र वृजमान तामाङ्गलाई कदर पत्रबाट सम्मानित गरिएको छ । कार्यक्रमका प्रमुख अतिथी पुर्व प्रमुख निर्वाचन आयुक्त डा. यादवले उनीहरुलाई कदरपत्र प्रदान गरे ।

सोही अवसरमा पुर्व प्रमुख निर्वाचन आयुक्त डा. यादव, वडा सचिव शिवजी कुमार मण्डल, सौभाग्य कृषी सहकारी संस्थाका अध्यक्ष प्रमोद कुमार मल्लिकलाई पनि समाजिक क्षेत्रमा योगदान पुऱ्याए वापत आयोजक संस्थाले सम्मान गरेको छ ।

# बजेटमा माग सम्बोधन नभएको भन्दै विद्यालय कर्मचारी आन्दोलित




**दैनिक समाचारदाता**
**काठमाडौं, १७ जेठ ।**

बजेटमा आफ्‌ना माग नसमेटिएको भन्दै विद्यालयमा कार्यरत कर्मचारीहरु आन्दोलित बनेका छन् । सरकारले नीति तथा कार्यक्रममा विद्यालयका माग सम्बोधन गरेपनि बजेटमा नसमेटिएपछि उनीहरु आन्दोलित बनेका हुन् ।

बुधवार शिक्षा पत्रकार समूहमा पत्रकार सम्मेलन गर्दै नेपाल विद्यालय कर्मचारी परिषद्ले आन्दोलनकाकार्यक्रम सार्वजनिक गरेको हो । जसअनुसार जेठ २० गतेदेखि २६ गतेसम्म विद्यालयको तालाचावी बुझाई सम्पूर्ण विद्यालय कर्मचारीहरुले सम्बन्धित जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाइमा धर्ना दिने जनाइएको छ ।

त्यस्तै, जेठ २७ गतेदेखि असार १ गतेसम्म काठमाडौंस्थित भद्रकालीमा रिले अनशन बस्ने विद्यालय कर्मचारी परिषद्ले जनाएको छ । यति गर्दा पनि सरकारले माग सम्बोधन नगरे आगामी असार २ गतेदेखि माग पूरा नहुञ्जेलसम्म सम्पूर्ण सामुदायिक विद्यालय बन्द गर्ने परिषद्ले जनाएको छ ।

नीति तथा कार्यक्रममा समावेश बुँदा नं. १२७ बजेटबाट गायब भएपछि बाध्य भएर आन्दोलनमा उत्रिनु परेको परिषद्का अध्यक्ष गंगाराम तिवारीले बताए । तिवारीले मुलुकभरका सामुदायिक विद्यालयहरुमा न्युन वेतनमा कार्यरत कर्मचारीको पीडा बुझ्न नसकेको र उनीहरुको मागप्रति सरकार संवेदनशील नभएको आरोप लगाए ।

हाल मुलुकभर सामुदायिक विद्यालयमा विद्यालय सहयोगी २७ हजार ८ सय ९० र लेखा सहायक ७ हजार १ सय ७८ गरी ३५ हजार ६८ विद्यालय कर्मचारी कार्यरत रहेका छन् । तर, विद्यालय पियनले मासिक ८ हजार र लेखापालले मासिक १३ हजार ५ सय मात्रै पारिश्रमिक पाउँदै आएका छन् ।


खडक नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०८० को दफा ६ को उपदफा (३) संग सम्बन्धित खडक नगरपालिका-६, कल्याणपुर, सप्तरीमा निर्माण तथा संचालन हुने तपसिल बमोजिमको उद्योगको लागी आवश्यक पर्ने प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी

## सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०२/१८)

मधेश प्रदेश, सप्तरी जिल्ला खडक नगरपालिका वार्ड नं.-६ मा निर्माण तथा संचालन हुने तपसिल बमोजिमको उद्योगद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावको नाम :** | i. *प्राङ्गारिक मल उत्पादन गर्ने उद्योग*को प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी । ii. *Blocks & Ground Tiles उत्पादन गर्ने उद्योग*को प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी । |
| **प्रस्तावकको नाम र ठेगाना :** | नाम : खडक नगरपालिका, ६ नं. वडा कार्यालय । ठेगाना : खडक नगरपालिका वार्ड नं.-६, सप्तरी । सम्पर्क नं. : ९८२५७५३७८६ । |
| **प्रस्तावको व्यहोरा :** | जिल्ला सप्तरी खडक नगरपालिका वडा नं.-६ मा प्राङ्गारिक मल र Blocks & Ground Tiles उत्पादन गर्ने उद्योग स्थापना गर्ने । |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा. :** | सप्तरी जिल्ला खडक नगरपालिका वार्ड नं.-६ । |

माथी उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सौंस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तह (न.पा./गा.पा). तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थय चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागी पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| **सम्बन्धित नगरपालिका कार्यालयको नाम र ठेगाना :** | नाम : खडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय । ठेगाना : कल्याणपुर, सप्तरी । सम्पर्क नं. : ९८५२८५४०६१ । ईमेल : ito.khadakmun@gmail.com । |



# डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

# डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



# गणतन्त्रका उपलब्धीहरु

- संघीयताको अभ्यासमार्फत संघ,प्रदेश र स्थानीय तहमा शक्ति बाँडफाँड,
- विधिको शासनको व्यवस्था,
- अधिकार सम्पन्न स्थानीय तह,
- जनअनुमोदित प्रतिनिधिबाट शासन सञ्चालन,
- अभिव्यक्ति स्वतन्त्रताको रक्षा,

यी उपलब्धीहरुको रक्षा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*